# खैरहनी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ८** **संख्याः ७** **पुस १९ गते, २०८१**


## भाग १

## खैरहनी नगरपालिका

## खैरहनी नगर वाङ्मय परिषद्लाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१

**प्रस्तावना :**

खैरहनी नगरपालिका एउटा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक नगरपालिका भएकोले खैरहनी नगरपालिकाका सबै भाषा, साहित्य, कला तथा संस्कृतिलाई संरक्षण, सम्वर्द्धन र विकास गर्नुपर्ने कुरालाई आत्मासात् गर्दै भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाजोपयोगी कृतिहरू तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा प्रतिभाहरूको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाङ्मय परिषद् सम्बन्धी कानूनी व्यवस्था वाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा १ सँग सम्बन्धित अनुसूची-८ को बुँदा नं २२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा-११ उपदफा-२ (फ) १ र ५ अनुसार खैरहनी नगरसभाको १६ औं अधिवेशनले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **“खैरहनी नगर वाङ्मय परिषद् ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन खैरहनी नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "अध्यक्ष" भन्नाले नगर वाङ्मय परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले नगर वाङ्मय परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) “नगर वाङ्मय परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको खैरहनी नगर वाङ्मय परिषद् सम्झनु पर्छ।

(ङ) “परिषद्" भन्नाले दफा ११ बमोजिमको खैरहनी नगर वाङ्मय परिषद् सम्झनु पर्छ।

(च) "पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सदस्य र परिषद्का मनोनित सदस्य समेतलाई सम्झनु पर्छ।

(छ) "सचिव" भन्नाले नगर वाङ्मय परिषद्को सचिव सम्झनु पर्छ।

## परिच्छेद-२
## नगर वाङ्मय परिषद्को स्थापना तथा काम, कर्तव्य र अधिकार

**३. नगर वाङ्मय परिषद्को स्थापना :**

(१) खैरहनी नगरपालिकाभित्रका सबै भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत तथा दर्शनको संरक्षण, सम्बर्द्धन र विकास गर्ने कार्य समेतको लागि “खैरहनी नगर वाङ्मय परिषद्” नामको एक नगर वाङ्मय परिषद् स्थापना गरिएको छ।

(२) नगर वाङ्मय परिषद्को केन्द्रीय कार्यालय खैरहनी नगर कार्यपालिकाको कार्यालयमा रहनेछ र आवश्यकता अनुसार खैरहनी नगरभित्रका सबै वडाहरूमा शाखा खोल्न सकिनेछ।

**४. नगर वाङ्मय परिषद् स्वशासित संस्था हुने:**

(१) नगर वाङ्मय परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

(२) नगर वाङ्मय परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) नगर वाङ्मय परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) नगर वाङ्मय परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र नगर वाङ्मय परिषद् उपर पनि नालिस उजूर लाग्न सक्नेछ।

(५) नगर वाङ्मय परिषद्ले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने छ।

## ५. नगर वाङ्मय परिषद्को काम, कर्तव्य र अधिकार :

नगर वाङ्मय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) नगर वाङ्मय परिषद्को नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) खैरहनी नगरपालिकाभित्रका सबै भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत तथा दर्शन सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गरी उपयोगी ग्रन्थ एवं कृति तयार गर्ने, गराउने,

(ग) खैरहनी नगरपालिकाभित्रका सबै भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत तथा दर्शन सम्बन्धी विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्ने, गराउने,

(घ) आवश्यकताअनुसार विदेशी भाषाबाट खैरहनी नगरपालिकाभित्रका सबै भाषा र खैरहनी नगरपालिकाभित्रका भाषाबाट विदेशी भाषामा उच्च स्तरीय कृतिहरूको अनुवाद एवं प्रकाशन गर्ने, गराउने,

(ङ) भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत तथा दर्शन सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, प्रदर्शनी आदि गर्ने, गराउने,

(च) भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत तथा दर्शनका विभिन्न विषयमा हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्ने, गराउने,

(छ) भाषा, साहित्य, कला, संस्कृति तथा दर्शनका विभिन्न क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध राख्ने तथा सम्बन्ध विस्तार गर्ने,

(ज) भाषा, साहित्य, कला, संस्कृति तथा दर्शनका विभिन्न विषयमा उल्लेखनीय योगदान पुर्याउने खैरहनी नगरभित्रका व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,

(झ) खैरहनी नगरभित्र भाषा, साहित्य, कला, संस्कृति तथा दर्शनको विकासको निमित्त सम्बन्धित विषयका विद्वान् साहित्यकारको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वय अभिवृद्धि गर्ने,

(ञ) खैरहनी नगरभित्रका विभिन्न जातजाति तथा समुदायका साहित्य, लिपि, संस्कृति तथा लोकोक्तिको सम्बर्द्धन र संरक्षण गर्ने,

(ट) लोक साहित्यको अध्ययन, अनुसन्धान, सम्बर्द्धन र संरक्षण गर्ने,

(ठ) भाषा, साहित्य, कला, संस्कृति तथा दर्शनका विषयमा योगदान पुर्याउने नगरभित्रका लेखक, साहित्यकार, संस्कृतिविद् तथा सम्बन्धित अन्य संस्थाहरूको विकासमा उल्लेखनीय भूमिका निर्वाह गर्ने,

(ड) खैरहनीभित्रका सबै भाषा, साहित्य, कला, संस्कृति तथा दर्शनको विषयमा अध्ययन तथा अनुसन्धानको लागि विद्वत्वृत्तिको व्यवस्था गर्ने,

(ढ) खैरहनीभित्रका सबै भाषा, कला, संस्कृति तथा साहित्यलाई नेपाल तथा विश्व साहित्य समक्ष पहिचान गराउने,

(ण) खैरहनीभित्रका विभिन्न जातजातिका लोपोन्मुख भाषा र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्न प्राथमिकता दिने,

(त) यो ऐनको उद्देश्य पूरा गर्न अन्य आवश्यक कार्य गर्ने गराउने।

## परिच्छेद ३
## नगर वाङ्मय परिषद्को सङ्गठन

६. **<u>नगर वाङ्मय परिषद्को सङ्गठन</u> :** नगर वाङ्मय परिषद १३ सदस्यीय हुनेछ।

**(१) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-**

(क) अध्यक्ष-१, नगरप्रमुखको सिफारिसमा कार्यपालिकाले नियुक्त गर्नेछ।

(ख) उपाध्यक्ष-१, नगरप्रमुखको सिफारिसमा कार्यपालिकाले नियुक्त गर्नेछ।

(ग) सचिव-१, नगरप्रमुखको सिफारिसमा कार्यपालिकाले नियुक्त गर्नेछ।

(घ) कोषाध्यक्ष-१, नगरप्रमुखको सिफारिसमा कार्यपालिकाले नियुक्त गर्नेछ।

(ङ) खैरहनी नगरकार्यपालिकाले तोकेको सदस्य- ५ जना

(च) खैरहनी नगरपालिकाको प्रतिनिधि पदेन सदस्य- १

(छ) खैरहनी नगरभित्रका सबै भाषा, साहित्य, कला, संस्कृति, दर्शन सम्बन्धित विशिष्ट व्यक्तिहरू मध्येबाट समावेशीतालाई ध्यानमा राखी महिलाहरू समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी खैरहनी नगरपालिकाका नगर प्रमुखले मनोनित गरेको सदस्य- ३ जना।

(४) उपदफा (३) बमोजिम मनोनित गठित परिषद्का पदाधिकारीहरूको पदावधि चार वर्षको हुनेछ।

(५) कुनै कारणले परिषद्का सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट छनोट भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिने छ।

**७. <u>परिषद्को बैठक :</u>**

(क) परिषद्को बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ।

(ख) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) परिषद्को बैठक हुनुभन्दा कम्तिमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(घ) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(च) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) परिषद्को बैठकको निर्णय परिषद् बैठक अध्यक्षता गर्नेले प्रमाणित गर्नुपर्नेछ ।

(ज) परिषद्ले प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ तथा आजीवन सदस्यलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(झ) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(ञ) आवश्यक परेको बखत अध्यक्षले जुनसुकै बेला पनि परिषद् बैठक बोलाउन सक्नेछ । यस्तो बैठक बोलाउन अध्यक्षले ७२ घन्टा अगाडि सूचना गर्नु पर्नेछ ।

## परिच्छेद-४

## नगर वाङ्मय परिषद्को प्रमुख संरक्षक, संरक्षक र सल्लाहकार एवम् पदाधिकारी तथा कर्मचारी

८. **प्रमुख संरक्षक:** खैरहनी नगरपालिकाकाको नगर प्रमुख नगर वाङ्मय परिषद्को प्रमुख संरक्षक हुनेछ।

९. **संरक्षक:** खैरहनी नगरपालिकाकाको उपप्रमुख नगर वाङ्मय परिषद्को संरक्षक हुनेछ ।

१०. **सल्लाहकार :**

(क) नगर वाङ्मय परिषद्लाई आवश्यक सल्लाह, सुझाव दिनको लागि भाषा, साहित्य, कला, संस्कृति, संगीत आदिक्षेत्रमा योगदान पुऱ्याएका नगरभित्रका विशिष्ट व्यक्तित्व तथा नगर वाङ्मय परिषद्का पूर्व पदाधिकारी वा सदस्य समेतलाई परिषद्ले सल्लाहकारको रुपमा मनोनयन गर्ने छ ।

(ख) सल्लाहकार समिति बढीमा ७ सदस्यीय हुनेछ ।

(ग) निवर्तमान परिषद् अध्यक्ष सल्लाहकार समितिको संयोजक हुनेछ ।

(घ) सल्लाहकार समितिले परिषद्लाई भाषा, साहित्य, संगीत, कला, संस्कृतिका विषयमा लिखित वा मौखिक रुपमा आवश्यक सल्लाह, सुझाव दिन सक्नेछ ।

**११. अध्यक्ष:**

(१) खैरहनी नगर वाङ्मय परिषद्मा एक अध्यक्ष रहनेछ ।

(२) देहायको योग्यता पुगेको व्यक्ति परिषद्को अध्यक्ष हुन योग्य मानिने छः

(क) भाषा, साहित्य, संगीत, कला, संस्कृति आदिको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका वा भाषा, साहित्य, कला, संस्कृति, दर्शनसँग सम्बन्धित पत्रपत्रिकाको सम्पादक वा लेखक भई सेवा पुऱ्याएको नेपाली नागरिक ।

(ख) फौजदारी अभियोग नलागेको ।

(ग) मानसिक सन्तुलन नबिग्रेको ।

(घ) खैरहनी नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास रहेको ।

१२. **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बैठकको अध्यक्षता गर्ने,

(ख) परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ग) नगर वाङ्मय परिषद्को वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्ने गराउने,

(घ) अन्य स्थानीय सरकार, प्रदेश वा संघसँग समन्वय गरी परिषद्को उद्देश्य अनुरुप काम गर्ने, गराउने,

(ङ) स्वदेशी तथा विदेशी संघसंस्थासँग नगर वाङ्मय परिषद्को कामसँग सम्बन्धित विषयमा आवश्यक समन्वय र सम्पर्क गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१३. **उपाध्यक्ष:**

(१) नगर वाङ्मय परिषद्मा एक उपाध्यक्ष रहनेछ ।

(२) उपाध्यक्ष हुनका लागि अध्यक्षको योग्यता सरहको व्यक्ति हुनुपर्नेछ ।

**१४. उपाध्यक्षको काम, कर्तव्य र अधिकार:**

(क) परिषद्ले गरेको निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने,

(ग) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(घ) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने ।

**१५. सचिव**ः

(१) नगर वाङ्मय परिषद्मा एक सचिव रहनेछ ।

(२) सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१६. पद रिक्त हुने अवस्था :**

देहायका अवस्थामा परिषद्का पदाधिकारी र सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा,

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) निज दफा २२ बमोजिम पदबाट हटेमा, वा

(च) निजको मृत्यु भएमा,

(छ) निज खैरहनी नगरक्षेत्रबाट स्थायी रुपमा अन्यत्र बसाईसराइ गरेमा।

**१७. पदबाट हटाउन सक्ने :**

(१) पदाधिकारी वा सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई परिषद्मा कायम रहेका बहुमत सदस्यले नगर प्रमुख समक्ष लिखित निवेदन दिएमा नगर प्रमुखबाट सम्बन्धित क्षेत्रका विज्ञ सम्मिलित एक छानबिन समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन नगर प्रमुख समक्ष पेस गर्नेछ र नगर प्रमुखले त्यस्तो प्रतिवेदन छलफलका लागि परिषद्को बैठकमा राख्ने व्यवस्था गर्नेछ। आवश्यक परेमा नगर प्रमुखले परिषद्को बैठक बोलाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा परिषद् बैठकमा छलफल हुँदा परिषद्का बहुमत सदस्यले पदाधिकारी वा सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा नगर प्रमुखले त्यस्तो पदाधिकारी वा सदस्यलाई निजको पदबाट हटाउनेछ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा सदस्यलाई पदबाट हटाउनुअघि सफाईको मौका दिनुपर्नेछ।

**१८. कर्मचारी :**

(१) नगर वाङ्मय परिषद्मा आवश्यक संख्यामा कर्मचारीहरू नगरपालिकाले व्यवस्था गरे बमोजिम रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू नगरपालिकाले तोके बमोजिम हुनेछन्।

## परिच्छेद-५
## कोष तथा लेखापरीक्षण

**१९. नगर वाङ्मय परिषद्को कोष :**

(१) नगर वाङ्मय परिषद्को आफ्नो एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्ः-

(क) खैरहनी नगरपालिका तथा प्रदेश एवम् अन्य स्थानीय सरकारहरूबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) नगर वाङ्मय परिषद्ले कुनै सेवा उपलब्ध गराए बापत प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(छ) सदस्यता वितरण तथा नविकरणबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि नगर वाङ्मय परिषद्ले खैरहनी नगरपालिकाको अनुमति लिनु पर्नेछ।

(४) कोषको रकम नगर वाङ्मय परिषद्ले तोकेको बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) नगर वाङ्मय परिषद्को कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(६) नगर वाङ्मय परिषद्को सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

**२०. लेखा र लेखापरीक्षण :**

(१) नगर वाङ्मय परिषद्को आय व्ययको लेखा नेपाल सरकारले अपनाए बमोजिम राखिनेछ।

(२) नगर वाङ्मय परिषद्को लेखाको लेखापरीक्षण मान्यता प्राप्त लेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-६
## विविध

**२१. मानार्थ नगर साहित्यकार तथा आजीवन सदस्यता :**

(१) भाषा, साहित्य, संगीत, कला, संस्कृति तथा दर्शनको विकासमा विशिष्ट योगदान पुऱ्याई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा खैरहनी नगर र नेपालको गौरव बढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई परिषद्ले नगर वाङ्मय परिषद्को मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मानार्थ नगर वाङ्मय परिषद् सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिए बमोजिम हुनेछ।

(३) परिषद्ले मानार्थ नगर वाङ्मय परिषद् सदस्य र आजीवन सदस्यलाई तोकिएको अवस्थामा सदस्यताबाट हटाउन सक्नेछ।

**२२. प्रतिवेदन पेश गर्नु पर्ने :**

नगर वाङ्मय परिषद्ले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन खैरहनी नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

**२३. शपथ :**

आफ्नो कार्यभार सम्हाल्नुअघि अध्यक्षले नगर प्रमुख समक्ष र उपाध्यक्ष, सचिव र परिषद्का सदस्यले अध्यक्ष समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

**२४. अधिकार प्रत्यायोजन :**

(१) परिषद्ले यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार उपसमितिलाई प्रत्यायोजन गरी काम गर्न सक्नेछ।

**२५. प्रतीक चिन्ह :**

नगर वाङ्मय परिषद्को प्रतीक चिन्ह खैरहनी नगरपालिकाको ऐतिहासिक झल्को आउने खालको परिषद्ले तोकेबमोजिम हुनेछ।

२८. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाई लागू गर्नेछ।

अनुसूची-१

(दफा २५ सँग सम्बन्धित)

## शपथ

म ...............नगर वाङ्मय परिषद्को ऐन, नियम, कानुन प्रति पूर्ण वफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु ईश्वर देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

मिति :-

नाम :-

हस्ताक्षर :-

आज्ञाले

विष्णु प्र. सापकोटा

प्रमुख प्रशासकीय अधिकृत